# शिक्षक नियुक्ति तथा सरुवा सम्बन्धी कार्यविधि २०७५

कार्यपालिकावाट पारित मिति २०७५।१।१९

शिक्षक नियुक्ति तथा सरुवा सम्वन्धि स्थानिय तहमा कानून वनाउन वाञ्छनिय भएकाले , स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम अन्नपूर्ण गाँउपालिकाको लागि यो कार्यविधि बनाइएको छ ।

१.संक्षिप्त नाम विस्तार र प्रारम्भः-

(१) यस कार्यविधि को नाम " अन्नपूर्ण गाँउपालिका शिक्षक नियुक्ति तथा सरुवा कार्यविधि २०७५" रहेको छ ।

(२) यो कार्यविधि अन्नपूर्ण गाँउपालिका क्षेत्र भर लागु हुनेछ ।

(३) यो कार्यविधि गाँउ कार्यपालिकाले पारित गरेको मितिबाट प्रारम्भ हुनेछ ।

२.परिभाषा :- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "कार्यविधि" भन्नाले अन्नपूर्ण गाँउपालिको शिक्षा कार्यविधि लाई सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले अन्नपूर्ण गाँउपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून बमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरुको नियुक्ती, बढुवा आदि सिफारिस गर्ने आयोग सम्झनुपर्छ ।

(घ) "प्रमुख" भन्नाले गाँउपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(च) "शिक्षा शाखा" भन्नाले गाँउपालिकामा रहेको शिक्षा हेर्ने विभाग, शाखा वा ईकाइलाई सम्झनुपर्छ ।

(छ) "शिक्षा अधिकृत" भन्नाले गाँउपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(ज) "विद्यालय निरीक्षक " भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

(झ) "स्रोतव्यक्ति" भन्नाले विद्यालय निरीक्षण, सुपरीवेक्षण तथा शिक्षक सहायता प्रदान गर्न विधानमा व्यवस्था भए अनुसार खटाइएको ब्यक्तीलाई सम्झनुपर्छ ।

(ञ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

(ट) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ठ) “शैक्षिक सत्र” भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(ड) “शिक्षा समिति” भन्नाले शिक्षा ऐन बमोजिम गठन भएको गाँउ शिक्षा समितिलाई सम्झनुपर्छ ।

(ण) “व्यवस्थापन समिति” भन्नाले यसै ऐन बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

३) शिक्षक तथा कर्मचारी छनौट समिति:

(१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य :- अध्यक्ष

(ख) स्थानिय शिक्षा अधिकृत वा विद्यालय निरीक्षक वा सो नभए प्रमुख प्रशासकिय अधिकृतले तोकेको गाँउ शिक्षा हेर्ने प्रतिनिधि :-सदस्य

(ग) बिद्यालय ब्यवस्थापन समितिले गाँउपालिकामा सुचिकृत वा आमन्त्रित विषय विशेषज्ञ हरुमध्येबाट छनौट गरेको दुईजना :- सदस्य

(घ) प्रधानाध्यापक :- सदस्य-सचिव

**प्रधानाध्यापकको नियुक्ति गर्दा** विद्यालय **व्यवस्थापन समितिले तोकेको शिक्षकले सदस्य सचिवको रुपमा काम काज गर्नेछ ।**

(२) गाँउपालिका क्षेत्रभित्रका शिक्षकहरुबाट छानिने बिषय बिशेषज्ञलाइ सुचिकृत गर्दा स्थानिय शिक्षा शाखाले तपशिलको मापदण्डबाट गर्नेछ ।

क) सम्बन्धित तहमा कम्तिमा ५ वर्ष सेवा गरेको स्थायी शिक्षक हुनु पर्नेछ तर महिलाको हकमा ३ वर्ष लाइ मानिनेछ।

ख) माध्यमिक तहको विशेषज्ञ हुन सम्वन्धित विषयमा स्नातकोत्तर उत्तिर्ण वा १०वर्ष स्थायी सेवा अवधि हुनु पर्नेछ भने आधारभुत तहको विशेषज्ञ हुन सम्वन्धित विषयमा स्नातक उत्तिर्ण हुनु पर्नेछ।

ग) विशेषज्ञको सुचि प्रत्येक वर्ष शैक्षिक सत्रको शुरुमा अनिवार्य रुपमा अद्यावधिक गरिनेछ।

घ) कुनै विषयको विशेषज्ञ गाँउपालिका क्षेत्रभित्रका शिक्षकहरुबाट उपलव्ध हुन नसकेमा शिक्षा अधिकृतले समन्वय गरी नजिकको नगर वा गाँउ क्षेत्रमा सुचिकृत विशेषज्ञलाइ बोलाउन सक्नेछ।

(ङ) गाँउपालिकाले बिशेषज्ञको सुची तयार नपार्दा सम्म साबिकमा जिल्ला शिक्षा कार्यालयले सूचिकृत गरेका बिशेषज्ञहरुलाई नै प्रयोग गर्न सक्नेछ ।

**(२) शिक्षक तथा कर्मचारी छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ ।**

**(३)शिक्षक सेवा आयोगले शिक्षक वा कर्मचारी छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।**

**(४) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे वमोजिम** हुनेछ ।

(५) शिक्षक छनौट परीक्षा गाउँ कार्यपालिको कार्यालय वा गाँउ शिक्षा समितिले तोकेको स्थानमा संचालन गरिनेछ ।

**४.करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः**

**(१) स्वीकृत दरवन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा सम्बन्धित बिद्यालय व्यवस्थापन समितिले प्रमुख प्रशासकीय अधिकृत वा शिक्षा अधिकृत मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।**

**(२) उपनियम (१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवारमध्ये योग्यताक्रमका आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।**

**(३) उपनियम (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।**

**(४) उपनियम (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा शाखा वा शिक्षा क्षेत्र हेर्ने अधिकृतबाट दरवन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।**

**(५) उपनियम (३) बमोजिम शिक्षक नियुक्ति गर्न कम्तीमा पन्ध्र दिनको म्याद सहितको सार्वजनिक सूचना कम्तिमा (१) बटा राष्ट्रियस्तरको पत्रिका लगायत सम्भाव्य सवै माध्यमवाट प्रकाशन गर्नुका साथै शिक्षा शाखा, वडा कार्यालय र सम्बन्धित विद्यालय समेतमा त्यस्तो सूचना टाँस्नु पर्नेछ ।** निर्धारित समयमा कुनै आबेदन नपरेमा बिद्यालय ब्यवस्थापन समितिले ७ दिन म्याद थप गर्न सक्नेछ ।

**(६) उपनियम (३) बमोजिम शिक्षक पदमा नियुक्त हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ ।**

**(७) विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक नियुक्त गरेको जानकारी शिक्षा शाखालाई दिनु पर्नेछ र शिक्षा शाखाले सोको अभिलेख राखेको प्रमाण विद्यालयलाई दिनु पर्नेछ ।**

(८) उपनियम (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि करारमा शिक्षक नियुक्ति भएको एक शैक्षिक सत्र सम्म पनि रिक्त पदमा स्थायी पद पुर्ती नभएमा स्थायी पद पुर्ती नभएसम्मका लागि एक पटकमा एक वर्षमा नबढाई व्यवस्थापन समितिले करारको म्याद थप गर्न सक्ने छ।

(९) उपनियम (८) बमोजिम करार म्याद थप गरिएको जानकारी विद्यालयले स्थानीय शिक्षा शाखालाई दिनु पर्नेछ।

(१०) यस नियम वमोजिमको प्रक्रिया नपुर्याइ शिक्षक नियुक्ति गरेमा त्यस्तो नियुक्ति बदर गरी सम्बन्धित प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ।

५.दरबन्दी नभएको पदमा शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गर्न नहुने:

(१) शिक्षक वा कर्मचारीलाई दरबन्दी रिक्त नरहेको वा दरवन्दी नभएको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु हुँदैन।

(२) अनुसूची–२ मा उल्लिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक नियुक्ति वा सरुवा गर्नु हुँदैन।

(३) उपनियम (१) वा (२) विपरीत कसैले कुनै शिक्षक वा कर्मचारी नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षक वा कर्मचारीको लागि तलब भत्ता बापत खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असुल उपर गरी त्यस्तो अधिकारीलाई विभागीय कारबाही गरिनेछ ।

६.सरुवा सम्बन्धी व्यवस्था :

(१)कुनै शिक्षक एक विद्यालयवाट अर्को विद्यालयमा सरुवा हुन चाहेमा शिक्षक कार्यरत र सरुवा हुन चाहेको दुवै विद्यालय व्यवस्थापन समितिको सहमति सहित अनुसुचि (१) वमोजिमको ढाँचामा गाँउकार्यपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ ।

२)उपदफा (१) वमोजिम निवेदन प्राप्त भएपछि तह तथा विषय मिल्ने देखिएमा स्थानीय शिक्षा अधिकृतको सिफारिसमा प्रमुख प्रशासकिय अधिकृतले गाँउशिक्षा समितिको अध्यक्ष र सामाजिक विकास समितिको संयोजकलाई जानकारी गराई सरुवा गर्न सक्नेछ ।

(३) सामान्यतया शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा मात्र गरिनेछ।

(४)शिक्षकलाई कार्यरत विद्यालयमा कम्तिमा दुई वर्ष सेवा पूरा नगरी अन्यत्र सरुवा गरिनेछैन।

तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमा निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ।

(५) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ।

(६) देहाएको अवस्थामा शिक्षा समितिको निर्णय अनुसार विद्यालय व्यवस्थापन समितिको सहमतिविना शिक्षकलाई सरुवा गर्न सक्नेछ :-

(क) एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा,

(ख) दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा,

(ग) उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिए बमोजिमको अवस्था भएमा,

(घ) विपदका कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नु पर्ने अवस्थामा गाँउपालिकाको विपद व्यवस्थापन समितिले सिफारिस गरेमा,

(ङ) नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखिरहँदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने ब्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णय भई आएमा,

(च) तोकिएको जिम्मेवारी तोकिएको समयभित्र पूरा नगरेको भनि सम्वन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालय निरिक्षक वा श्रोतव्यक्तिवाट सिफारिस भएमा ।

(छ) कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्त सेवालाई अन्य विद्यालयमा उपयोग गर्न आवश्यक देखिएमा,

(ज) पति पत्नि दुवै शिक्षक रहेको अवस्था भए सकभर एकै वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा,

(झ) शिक्षक सरुवाको अन्य मापदण्ड कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

नियम (६) को उपनियम (६) बमोजिम भएको सरुवाको जानकारी शिक्षा समितिले सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई जानकारी गराउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम सरुवा गर्दा साधारणतया अपाङ्गता भएका शिक्षक शिक्षिका र महिलालाई अपायक पर्ने स्थानमा सरुवा गरिने छैन ।

(८) शिक्षक सरुवा गर्दा लामो अवधि एकै विद्यालयमा वसेकालाई पहिलो प्राथमिकता दिइनेछ ।

(९) सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षकलाई अनुसूची–३ बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई समेत दिनु पर्नेछ ।

## अनुसूची–१
### (नियम ६ को उपनियम (०१ ) सँग सम्बन्धित)
### सरुवा हुन दिइने निवेदन

श्रीमान प्रमुख प्रशासकिय अधिकृत ज्यू
अन्नपूर्ण गाउँपालिकाको कार्यालय,
पोखरे वगर, म्याग्दी

विषयः सरुवा सम्बन्धमा।

मलाइ निम्न विद्यालयमा सरुवा गरिदिनु हुन निम्न विवरणहरु खुलाई निवेदन गरेको छु।

शिक्षकको नाम, थरः
स्थायी ठेगानाः
तह र श्रेणीः
हालको विद्यालयको नाम र ठेगानाः
सरुवा भई जान चाहेको विद्यालयको नाम र ठेगानाः
योग्यता र तालीमः
नियुक्ति मितिः
अस्थायी :
स्थायी :
हालको विद्यालयमा काम गरेको अवधिः
सरुवा माग गर्नु पर्ने कारणः

निवेदकको सहीः
नामः
कार्यरत विद्यालयः
मितिः

(१) सरुवा भई जाने विद्यालयको व्यवस्थापन समिति तथा शिक्षा शाखाको सहमति पत्र।

(क) यस विद्यालयका शिक्षक श्री ...................................... लाई विद्यालय व्यवस्थापन समितिको मिति .......................... को निर्णय अनुसार यस विद्यालयबाट सरुवा भई जान सहमति दिइएको छ।

विद्यालयको छाप

व्यवस्थापन समितिको अध्यक्षको–
सही :
नाम :
विद्यालय :
मिति :

(ख)................गाँउपालिका/नगरपालिका.... ..................... अन्तर्गतको ........... ..........................विद्यालयका शिक्षक श्री ...................................... लाई सो विद्यालयबाट सरुवा भई जान सहमति दिईएको छ।

कार्यालयको छाप

प्रमुख प्रसासकिय अधिकृत–
सही :
नाम :
मिति :

**(२ ) सरुवा भई आउने विद्यालयको व्यवस्थापन समिति तथा शिक्षा शाखाको सहमति**

**(क) ............................... विद्यालयका शिक्षक श्री .................................. लाई व्यवस्थापन समितिको मिति ....................... को निर्णय अनुसार यस विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ ।**

**विद्यालयको छाप** **व्यवस्थापन समितिको अध्यक्षको–**

**सही :**

**नाम :**

**मिति :**

**विद्यालय :**

**ख) ............................... विद्यालयका शिक्षक श्री .................................. लाई यस गाउँपालिका वा नगरपालिकाको .............. विद्यालयमा सरुवा भई आउन सहमति दिइएको छ ।**

**शिक्षा अधिकृतको–**

**सही :**

**नाम :**

**कार्यालयको छाप** **मिति :**

अनुसुचि २

नियम (**५**) **को उपनियम** (**२**) संग सम्वन्धित

<u>विद्यालयमा रहने शिक्षक दरवन्दी</u>

विद्यालयमा कम्तीमा देहाय वमोजिम शिक्षक दरवन्दी रहनेछन:-

(क) पूर्व प्राथमिक बिद्यालय: पूर्व प्राथमिक बिद्यालयमा एक जना शिक्षक

(ख) प्राथमिक बिद्यालयमा पचास जनासम्म बिद्यार्थी भएमा कम्तीमा दुई जना र सो भन्दा बढी बिद्यार्थी भएमा कम्तीमा तीन जना शिक्षक

(ग) निम्न माध्यमिक बिद्यालयमा:

१. ६ कक्षा देखि ८ कक्षासम्म सञ्चालन भएको बिद्यालयमा निम्न माध्यमिक तहको चार जना शिक्षक

२. १ कक्षा देखि ८ कक्षा सञ्चालन भएको बिद्यालयमा देहय बमोजिमका कम्तीमा सात जना शिक्षक:-

(१) अंग्रेजी मूल बिषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एक जना

(२) बिज्ञान वा गणित मूल बिषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको एक जना

(३) नेपाली वा संस्कृत मूल बिषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको एक जना

(४) सामाजिक बिषय अध्यापन गर्नको लागी प्रमाणपत्र वा सो सरह उत्तिर्ण गरेको एक जना

(५) एस.एल.सी. वा सो सरह उत्तिर्ण गरेको तीन  जना

(घ) माध्यमिक बिद्यालयमा :

१.९ कक्षा देखि १२ कक्षासम्म सञ्चालन भएको बिद्यालयमा ८ जना शिक्षक ।

२. ६ कक्षा देखि १० कक्षासम्म सञ्चालन भएको बिद्यालयमा देहाय बमोजिमका कम्तीमा नौ जना शिक्षक :-

(१) अंग्रेजी मूल बिषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एक  जना ।

(२) बिज्ञान वा गणित मूल बिषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एक  जना ।

(३) नेपाली मूल बिषय लिई स्नातक वा सो सरह उत्तीर्ण गरेको एक  जना ।

(४) सामााजिक बिषय अध्यापन गर्नको लागी स्नातक वा सो सरह उत्तीर्ण गरेको एक  जना ।

(५) अन्य ऐच्छिक बिषयको लागी सम्बन्धित बिषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको एक  जना ।

(६) बिज्ञान वा गणित मूल बिषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एक  जना ।

(७) अंग्रेजी मूल बिषय प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एक  जना ।

(८) अन्य बिषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको दुई  जना ।

३. १ कक्षा देखि १० कक्षा सम्म सञ्चालन भएको बिद्यालयमा खण्ड (ग) को उपखण्ड २ बमोजिमको दरबन्दिमा प्राथमिक तहको कम्तीमा तीन  जना शिक्षक रहनेछन ।

द्रष्टव्य:

(१) खण्ड (ग) को उपखण्ड २ को क्रमसंख्या (१) देखि (४) सम्मका कम्तीमा एक एकजना शिक्षक नियुक्ति नभएसम्म एउटै बिषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।

(२) खण्ड (घ) को उपखण्ड २ को क्रमसंख्या (१) देखि (७) सम्मका कम्तीमा एक एकजना शिक्षक नियुक्ति नभएसम्म एउटै बिषयमा एक भन्दा बढी शिक्षक नियुक्ति गरिने छैन ।

(३) शिक्षक नियुक्तिको लागि आबश्यक पर्ने तालिम प्रचलित कानुन बमोजिम हुनेछ ।

अनुसूची–३

**(नियम  ६ को उपनियम (९ ) सँग सम्बन्धित)**

**रमाना - पत्र**

**पत्रसंख्या:** **मिति :**

**श्री .....................**

**............................. ।**

**त्यस विद्यालयमा सरुवा हुनु भएका श्री .........................................लाई निजको विवरण सहितको रमानापत्र दिई त्यस विद्यालयमा हाजिर हुन पठाइएको व्यहोरा अनुरोध गर्दछु ।**

१. शिक्षक वा कर्मचारीको नाम, थर :
२. संकेत नम्बर :
३. साविक :
(क) तह : (ख) श्रेणी : (ग) पद :
(घ) शिक्षक भए विषय : (ङ) विद्यालय :
४. सरुवा भएको (क) निर्णय मिति : (ख) सरुवा गर्ने कार्यालय : (ग) तह : (घ) श्रेणी :
(ङ) पद : (च) विषय (छ) विद्यालय :
५. बरबुझारथ सम्वन्धी विवरण:
गरेको नगरेको
६. रमाना हुने मिति : ....................
७. रमानापत्रको मिति सम्म खर्च भएका बिदा :
(क) भैपरी आउने र पर्व बिदा ................. दिन।
(ख) बिरामी बिदा ................. दिन।
(ग) प्रसुती बिदा बिदा ................. दिन।
(घ) प्रसुती स्याहार बिदा ................. पटक।
(ङ) अध्ययन बिदा ................. दिन।
(च) असाधाराण बिदा ................. दिन।
(छ) वेतलवी बिदा ................. दिन।
८. रमानापत्रको मितिसम्म संचित बिरामी बिदा : ................. दिन।
९. विद्यालयमा रुजु हाजिर भएको दिन :
१०. खाइपाई आएको मासिक (क) तलब : (ख) वृद्धि रु तलब :
११. तलब भुक्तानी लिएको अन्तिम मिति :
१२. कर्मचारी संचयकोष कट्टी रकम :
१३ भुक्तानी लिएको उपचार खर्चको रकम :
१४. तलववृद्धि हुन सुरु भएको सुरु मिति :
१५. नागरिक लगानी कोषकट्टी रकम :
१६. आयकर कट्टी रकम :
१७. (क) सावधिक जीवन बीमा कोषमा जम्मा भएको साल........महिना...... .गते....
(ख) सावधिक जीवन बीमावापत वार्षिक प्रिमियम तिरेके साल.....महिना... गते ....
१८. चाडपर्व खर्च लिने चाडको नाम र सो चाड पर्ने तिथि र सम्भावित महिना :
१९. शिशुस्याहार भत्ता लिएको विवरण :

बोधार्थ :
श्री विद्यालय शिक्षक किताबखाना।
श्री कर्मचारी संचयकोष।
श्री .......... विद्यालय।
श्री ....................(सम्बन्धित शिक्षक वा कर्मचारी) सरुवा भएको कार्यालयमा हाजिर हुन जानु हुन।